(तिमीहरूले मरो निधनपछी) प्राथमिकताका मामिलाहरू देख्नेछौ, जुन तिमीहरूलाई नराम्रो महसुस हुनेछ ।" साथीहरूले भने: हे अल्लाहको रसूल! त्यसोभए हामीलाई के गर्न आदेश दिनुहुन्छ? उहाँले भन्नुभयो: "तिमीहरूले आफ्नो जिम्मेवारी पूरा गर र अल्लाहसँग आफ्नो अधिकार माग ।

अबू-मस्ऊद (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "(तिमीहरूले मरो निधनपछी) प्राथमिकताका मामिलाहरू देख्नेछौ, जुन तिमीहरूलाई नराम्रो महसुस हुनेछ ।" साथीहरूले भने: हे अल्लाहको रसूल! त्यसोभए
हामीलाई के गर्न आदेश दिनुहुन्छ? उहाँले भन्नुभयो: "तिमीहरूले आफ्नो जिम्मेवारी
पूरा गर र अल्लाहसँग आफ्नो अधिकार माग ।" [सही] [मुत्तफकुन अलैहि]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, आगामी दिनहरूमा मुस्लिमहरूका शासकहरू त्यस्ता मानिसहरू हुनेछन्, जसले मुस्लिमहरूको सम्पत्ति आफ्नो इच्छा अनुसार खर्च गर्नेछन् र मुस्लिमहरूलाई उनीहरूको अधिकारबाट वञ्चित गर्नेछन् । त्यसैगरी धर्मको बारेमा उनीहरुको तर्फबाट यस्ता कुराहरु थाहा पाउनेछौ, जुन तिमीलाई मन पर्दैन । तब उहाँका साथीहरूले सोधे: यस्तो अवस्थामा के गर्नुपर्छ ? पैगम्बर (सल्लल्लाहु अलैहि व सल्लम) ले बताउनुभयो कि उनीहरूको सम्पत्तिमा अधिकार जमाउनाले तिमीहरूलाई उनीप्रति सुन्ने र मान्ने कर्तव्यबाट रोक्नु हुँदैन। बरु धैर्य गर, सुन्ने र मान्ने कर्तव्य पूरा गर, र उनीहरूसँग अधिकारका लागि विवाद नगर। अल्लाहसँग आफ्नो हक माग, र दुआ गर कि अल्लाहले उनीहरूलाई सुधारुन् र उनीहरूको दुष्टता र अन्याय हटाइदिऊन।

https://sunnah.global/hadeeth/ne/show/3156